# गमगढीको एउटा रोचक संस्कार

-जीतबहादुर मानन्धर

जागीरे जीवनले मलाई भ्रमणशील बनाएको हो । यस्तो भन्दैमा मैले आफूलाई धेरै डुलुवा व्यक्तिको रूपमा परिणत गरेको र मैले धेरै मुलुक घुमेको भन्न खोजेको होइन । बरु डाँडाकाँडाले पूर्ण हाम्रो देशका पचहत्तरै जिल्ला घुम्ने मनसुवालाई भने मैले आफू भित्रभित्रै तीव्र पार्दै लगी शौखको रूपमा विकसित पारेको चाहिं पक्कै हो । त्यही शौखको सिलसिलामा वि. सं. २०४३ सालमा कर्णाली अंचलका जुम्ला र मुगु तथा वि. सं. २०४४ सालमा जाजरकोट, रूकुम, अछाम, दैलेख र सुर्खेत जिल्लाहरूमा गरिएको भ्रमणका संस्मरणहरू अहिलेसम्म पनि स्मृतिकै दायराभित्र रहेकाछन् । अछामबाट दैलेख भई सुर्खेत आउँदा बाटामा परेका थलाहरूको वातावरण भ्रमणको बखत बौद्ध संस्कृतिबाट प्रभावित जस्तो प्रतीत भएको थियो । कारण, अछाम जिल्लाको विनायक पञ्च देवलका देवालयहरूका अगाडितिर ढुंगामा "श्री यक्षमल्ल देवस्य परिवार चिरन्जयतु आत्म हीतार्थ एकता र सतपुरुष जैराजप्रसाद करायो साके १२०२ सुत्रधार नाग देव नाम कमायो"[1] भन्ने अक्षरहरूका साथै एउटा देवालयअघि 'ॐ मणि पद्मे हुँ' उत्कीर्ण गरिएको पाइएको छ । फेरि, दैलेख जिल्लाको पादुका स्थानमा रहेको शिलास्तम्भको बुद्ध मूर्तिको मुन्तिर 'ॐ नमो बुदाय श्री अशोक मल्ल देव चिरंजयतु साउना कार्की साउना कर्कनीको देवले', दैलेखकै दुल्लुकोट भन्ज्यांगस्थित पृथ्वीमल्लको कीर्तिस्तम्भको अभिलेखको शुरूमा "ॐ मणि पद्मे हुँ" र दुल्लु सात खम्बानेरको पाथरनाउलीमा पनि 'ॐ मणि पद्मे हुँ, अभिलिखित हुनुको अतिरिक्त सुर्खेत कांक्रेविहारमा रहेका भग्नावशेषका थुप्राहरूमा कैयौं बुद्धका तथा अन्य सुन्दर शिलामूर्तिहरू त्यसै पडिरहेका हुँदा 'ॐ मणि पद्मे हुँ' नै सर्वत्र गुन्जिरहेको आभास जो कसैलाई पनि हुन सक्छ ।

अहिंसाका प्रवर्तक बुद्ध र बौद्ध धर्मबाट प्रभावित तथ्यबारे माथि भनिए जत्तिमै सीमित रही अहिंसाको ठीक विपरीत विषयमा चर्चा गर्न २०४३ सालमा गरेको मुगु जिल्लाको भ्रमण अनुभवलाई आंशिक रूपमा यहाँ प्रस्तुत गरिन्छ । त्यस पटकको भ्रमणले मलाई चौथै अञ्चलमा पाइला टेक्ने मानिस तुल्याएको र देशको सबभन्दा ठूलो तालको दर्शन गराएको त सदाको लागि चिरस्मरणीय घटनाको रूपमा रहने कुरा छँदैछ । साथै जुम्लाको ट्रेड स्कूलबाट हिंडी दोस्रो दिन बिहानको भात खान पुग्ने गरी मुगुको सदर मुकाम गमगढी पुगेको, पुगेको दिन बिहान र बेलुकी तथा भोलिपल्ट बिहान गढी

---

१ हरिभक्त बजगाईं– "पञ्च देवल (विनायक)", हाम्रो प्रयास, प्रकाशक अछाम सांस्कृतिक संघ, अछाम; पृष्ठ १२ ।

छोडी रारातर्फ लाग्नुअघि पनि पाहुना लागेकोलाई अहिले पनि कृतज्ञताको कारण बिर्सिइएको छैन ।

गमगढी पुगेको बेलुका जिल्ला शिक्षा अधिकारी श्री दिलराज उपाध्यायकहाँ खाना खाँदै गरेको छलफल भने मलाई अहिले पनि बराबर आफ्नो जातीय परिवेशमा सम्झना भएर आउँछ । त्यसवेला मुगु जिल्लाका भूतपूर्व माननीय श्री तेजबहादुर भामका छोरा श्री प्रवेश भामले बलि दिएको बोका र समाजमा काटेको बोकाका अङ्ग प्रत्यङ्गहरूको वितरण सम्बन्धमा गम भेकका प्रचलित रीतिथितिबारे विशद चर्चा गर्नु भएको थियो । वहाँको अनुसार बलि दिएकोमा सिंगै टाउको धामीलाई र दाहिने सपेटा डाँग्री पूजारी अर्थात् धामीको सहायकलाई दिनु पर्ने रहेछ । तर लोक संस्कृति विषयक एक पुस्तकमा[२] भने "मेरो चार दाना लैजा (अर्थात् बतासको लुगा बनाएर पानीको सामल बनाएर भए पनि म पाल्ने छु) भनी उक्त आश्वासन र केही अक्षता दिएर ल्याउँछ। सिके पाठो पनि डाँग्रेले काट्छ र यसको दाहिने खुट्टो, फोक्सो र कलेजो मष्टाको थानभित्रै राखेर बाँकी उक्त व्यक्तिलाई फर्काएर दिन्छ । उक्त सिक चढाउन जाने मान्छेले गाउँमा गै सबै जचौरी परिवारहरूमा सिके पाठाको मासु र उक्त "चार दाना" (अक्षता) बाँडेर दिन्छ ।" भन्ने उल्लेख भैरहेको पाइन्छ ।

जहाँ जस्तोसुकै चलन भए पनि बलिसम्बन्धी माथि उल्लिखित कुरामा मलाई त्यति चाख लागेन । तर त्यहाँ फर्माइशमा काटेको बोका वा भेडा च्यांग्राको ह्याकुलो, गिदी, जिब्रो, कलेजो र रक्ती सबै मिली समाजमै बसी खाने र अन्य केही अङ्ग प्रत्यङ्गहरू मानिसहरूलाई मर्यादा क्रमानुसार बाँड्ने, बाँडी खुवाउने अर्थात् "मांस हाड गर्ने" भन्ने भनाइले मलाई अत्यन्त प्रभाव पारेको थियो । समाजमा काटेको जीवका अङ्ग प्रत्यङ्गहरू बाँड्ने सिलसिलामा त्यहाँ क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान, देब्रे कान, दाहिने च्यापु, देब्रे च्यापु, दाहिने थोली (मुख), देब्रे थोली, दाहिने घुँडी गाँठो, देब्रे घुँडी गाँठो, दाहिने बल्लेठो, देब्रे बल्लेठो, दाहिने खुरको दाहिने भाग, दाहिने खुरको देब्रे भाग, देब्रे खुरको दाहिने भाग र देब्रे खुरको देब्रे भाग पर्ने गरी भाग लाउँछन् । समाजका प्रतिष्ठित व्यक्ति, मान्यजन, पाहुनाको मर्यादा, उमेरको ज्येष्ठता आदि तथ्यलाई ध्यानमा राखेरै मात्र मांस हाड गर्ने चलन छ भन्ने सुन्दा नेवार समुदायमा प्रचलित सीकाः भूलाई झलझली सम्झें । साथै बंगलादेशको एक भागमा भ्रमण गर्दा मलाई मुख्य अतिथि मानेर माछाका विभिन्न परिकारका साथ राखिएको सबभन्दा ठूलो माछाको टाउको नै खान आग्रह गरिएको घटना समेत स्मृति पटलमा ताजा भएर आयो । मैले आतिथ्य स्वीकार गरी बेलुका खान गएको गमगढीको त्यस घरमा पनि उहीं दिन एउटा च्यांग्रो काटेको रहेछ । तर त्यस घरको मूली जागीरको सिलसिलामा मात्र त्यहाँ पुगेको काठमाडौं-का एक ब्राह्मण हुँदा वहाँमा मांस हाड र सीकाः भू दुवैको प्रभाव पटक्कै परेको थिएन ।

सीकाः भू (सीला कायुगु भ्वय्) भनेको बलि दिइसकेको जीवका अङ्ग प्रत्यङ्गहरू बाँडी खाने एक प्रकारको तान्त्रिक भोज हो । त्यसमा एकपछि अर्को प्रक्रिया क्रमबद्ध रूपले सम्पन्न पारिनु पर्ने विधान हुँदा बलि (चौपाया वा दोपाया) को पूजा, बलि बध गरिने विधि, बलि दिइसकेपछि गरिने पूजा, बलिको अङ्ग प्रत्यङ्ग बाँडी खाने र सबभन्दा पछि कलः वायुगु (कलङ्क फाल्ने) कार्य नगरी पूर्णता आएको मानिन्न । तान्त्रिकतापूर्ण सीकाःभूलाई गमगढीको प्रचलनसित तुलना गरेर कहीं उपहास गर्न खोजेको त होइन भन्ने भनाइ समेत कसै कसैको हुन सक्छ । तर मेरो विचारमा देवतुल्य भई सीलिई भोज खाने र बलि दिइसकेको जीवलाई तार्ने शक्ति ह्रास हुँदै गइरहेको आजको युगमा पनि तन्त्रबाट निसृत यस भोजनले समाजमा मानिसको ज्येष्ठता वा वरिष्ठताको सम्मान गर्ने व्यावहारिक पक्षलाई भने अङ्गीकार गर्न

---

२ विहारीकृष्ण श्रेष्ठ– "कर्णाली लोक संस्कृति (खण्ड ३) जनजीवन (दियार गाउँका ठकुरीहरू)" नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, नेपाल; वि. सं. २०२८; पृष्ठ १०० ।

छाडेको छैन ।

प्रो. डा. गोपाल सिंह नेपालीका अनुसार सीकाः भ्वःको बखत पुरोहितलाई थुतुनो, गुठीका थकाली (जेठा) लाई दायाँ आँखा, नोकुली (माहिला)लाई देब्रे आँखा, स्वकुली (साहिला)लाई दाहिने कान, प्येकुली (काहिला) लाई देब्रे कान, न्याकुली (ठाहिला) लाई तल्लो दायाँ बङ्गारा, खुकुली (राहिला) लाई तल्लो बाँया बङ्गारा र न्हेकुली (अन्तरे)लाई जिब्रो दिने गर्दछन् ।[3] त्यस्तै थ्याङ्ग गाउँको बोसिकार थरका परिवारले देवालीमा मनाएको सीकाः भ्वय्मा थकालीले दाहिने थुतुनो, नोकुले देब्रे थुतुनो, सोकुले दायाँ आँखा, प्येकुले देब्रे आँखा, न्याकुले दाहिने कान, खुकुले देब्रे कान, न्हेकुले तल्लो दाहिने बंगरा र च्याकुले (अन्तरे) तल्लो देब्रे बङ्गरा पाएको दृश्य प्रत्यक्षतः देखेको चर्चा एक विदेशी विद्वान् अनुसन्धानकर्ताले गर्नु भएको छ ।[4] तर यस चर्चा सम्बन्धमा अलि शंका लागेको फलस्वरूप हालै मात्र माथि उल्लिखित गाउँमा गई विदेशी विद्वान्ले अध्ययन गर्नु भएको परिवारका सदस्यहरू पत्ता लगाई सोधपूछ गर्दा न्हूछेमान स्वर्ग भइसकेको, फलमान र बौद्ध नामक व्यक्तिहरू क्रमशः पहलमान र बुद्ध भएको र बुद्धको खलक भने हाल छुट्टिइसकेको भन्ने ज्ञात भयो । यी तथ्यहरूभन्दा पनि महत्त्वपूर्ण कुरो त धान्य पूर्णेको दिन देवाली मनाउने र आफूलाई महर्जन भन्न रूचाउने बोसिकार जातका उक्त परिवारमा पनि सीकाः भ्वय् गर्दा विद्वान् अनुसन्धानकर्ताले उल्लेख गर्नु भए झैं नगरी थकालीलाई दायाँ आँखा, नोकुलाई बायाँ आँखा, स्वकुलाई थुतुनो, प्येकुलाई दायाँ कान, न्याकुलाई देब्रे कान, खुकुलाई जिब्रो, न्हेकुलाई तल्लो दायाँ बङ्गरा र च्याकुलाई तल्लो बायाँ बंगारा दिने तथ्य अवगत हुन आएको छ । साथै, आफूले अध्ययन गरेको बखत थकालीदेखि च्याकुलीसम्मका व्यक्तिहरूका नाम नामेसीमा क्रमशः बुद्धिबहादुर, पहलमान, न्हूछेलाल, देशी, यमी, तीर्थ, अठार र कान्छा परेको पाइयो ।

सीकाः भू सम्बन्धमा ललितपुर न्याखाचोक बस्ने श्रीनमीराज बज्राचार्यसंग बुझ्दा थकालीलाई दाहिने आँखा, नोकुलाई देब्रे आँखा, सोकुलाई दाहिने कान, प्येकुलाई देब्रे कान प्रदान गरेपछि पुरोहितलाई थुतुनो दिने, तदुपरान्त न्याकुलाई तल्लो दाहिने बङ्गरा, खुकुलाई तल्लो देब्रे बङ्गारा र न्हेकुलाई जिब्रो दिने विधिविधान भएको जानकारी प्राप्त भयो । ललितपुर जिल्लाकै बडिखेल गाउँ पञ्चायतमा बसोबास गर्ने पै (पहरी) जातका एक व्यक्तिको भनाइ अनुसार तिनीहरूको समाजमा पनि सीकाः भू गर्ने चलन छ । तर पहरीहरू ज्येष्ठताको मर्यादानुकूल पहिलोदेखि चारौंसम्मलाई मात्र क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान र देब्रे कान दिने गर्दछन् । सोधपुछकै सन्दर्भमा बनेपा निवासी एकजना मानन्धरले बताउनु भएको क्रममा दायाँ आँखा, बायाँ आँखा, दायाँ कान, बायाँ कान, थुतुनो, जिब्रो, तल्लो दायाँ बङ्गारा, तल्लो बायाँ बंगारा र पुच्छर (बलि वा भोग दिनेलाई) पर्दछन् । नेवारी समाज अन्तर्गत भिन्न–भिन्न ठाउँका र भिन्न–भिन्न जातका मानिसहरूमा भिन्न–भिन्न प्रकारले सीकाः भू गर्ने चलन भए तापनि सीकाः भूमा प्रयुक्त आठ अङ्गले अष्ट–मातृकाको प्रतिनिधित्व गर्ने गरेको जस्तो देखिंदा कौतुहलवश इङ्गलिश डिक्शनरी[5] अध्ययन गर्दे । त्यसमा जेष्ठताको क्रमवद्धता मिलाई वितरण गरिने बलिका अङ्ग प्रत्यङ्गहरूको सिलसिलेवार निम्न बमोजिम दिइएको पाइयो । दायाँ आँखा, बायाँ आँखा, दायाँ कान, बायाँ कान, थुतुनो र जिब्रो ।

---

३ डा. गोपाल सिंह नेपाली– "द नेवार्स"; यूनाइटेड एशिया पब्लिकेशन्स, बम्बई १; प्रथम आवृति सन् १९६५ जनवरी; पृष्ठ ३९५

४ गेरहार्ड टोफ्फीन– "Le Si Ka Bheay, Festin de la Tete, Chez Les Newar "नेवार जातिले मनाउने सीका भ्वय"; कैलाश, भोलम ४, संख्या ४; पृष्ठ ३३० ।

५ ठाकुरलाल मानन्धर– "नेवारी इङ्गलिश डिक्शनरी"; डा. एनी भर्गाटीद्वारा सम्पादित; अगम कला प्रकाशन, दिल्ली, सन् १९८६, पृष्ठ २६३ ।

मेरो आफ्नै टोलका गुठीहरूमा भने रांगा, बोका आदि चौपाया बलि दिएमा तिनीहरूको अङ्ग प्रत्यङ्ग-हरूको वितरण थकालीलाई दायाँ आँखा, नोकुलीलाई बायाँ आँखा, स्वकुलीलाई दायाँ कान, प्येकुलीलाई बायाँ कान, बज्राचार्य पुरोहितलाई थुतुनो, न्याकुलीलाई जिब्रो, खुकुलीलाई तल्लो दायाँ बङ्गरा र न्हेकुलीलाई तल्लो बायाँ बङ्गरा पर्ने गरी गर्ने तथा हाँस वा कुखुरा बलि दिएमा टाउको थकालीलाई, दायाँ पखेटा नोकुलीलाई, बायाँ पखेटा स्वकुलीलाई, दायाँ खुट्टा प्येकुलीलाई र बायाँ खुट्टा न्याकुलीलाई दिने गरिआएको देखिन्छ । तर नासः पूजा (नृत्यनाथको पूजा) सम्बन्धी गुठीमा भने उमेरले जेठो, कान्छो भन्ने जेष्ठताको आधारलाई वास्ता नगरी दाफा भजनका विभिन्न बाजा बजाउन सक्ने, ताल सुर बुझ्ने, राग थाहा पाउने, गाना गाउन जान्ने आदि मापदण्ड अपनाई वरिष्ठता निर्धारण गरी क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान, देब्रे कान, थुतुनो, जिब्रो, तल्लो दाहिने बङ्गरा र तल्लो देब्रे बङ्गरा दिने गरेर सीकाः भूको माध्यमद्वारा संगीत, कला कौशल र सीपको सम्मान गर्ने गरेको पाइन्छ । संभवतः वाक्य पढ्नमा तल्लीन हुनु पर्ने भएकोले नै होला विभिन्न गुठीहरूमा पुरोहितलाई थुतुनो दिने चलन भएको । हाम्रो नासः पूजामा भने गुरुज्यूको आवश्यकता नपर्ने हुनाले थुतुनो टोलका कजि (नाइके) वा भोजका प्रबन्धकलाई दिने प्रचलन विद्यमान छ ।

कर्णाली अञ्चलको दुर्गमस्थानको एउटा संस्कार-लाई केही अघि सार्न खोज्दा समेत काठमाडौं उपत्यका र आफ्नो समुदाय सम्बन्धमा धेरै कुरा गरियो । गमगढी नपुगेसम्म पुग्ने प्रबल अभिरुचि राख्ने र पुगेपछि भने त्यहाँ बस्न मन नलगाई छिट्टै घर फर्कन चाहने मेरो मनको स्वाभाविक प्रतिबिम्बको रूपमा यस पंक्तिलाई पनि लिन नसकिने होइन । साथै आग्राको कुरा गाग्रामा गरेको भनेमा पनि तत्सम्बन्धमा मलाई केही भन्नु छैन । कारण, वर्तमान परिप्रेक्ष्यमा त मांस हाड विषयमा यो भन्दा धेरै लेख्ने सामर्थ्य नभएकोमा भने म कायल नै छु । तर माथि उल्लिखित विवरणहरूको आधारमा के भन्न सकिन्छ भने उमेर वा ज्ञान मानमर्यादाको दृष्टिले ज्येष्ठ ठहरिएको-लाई नै दायाँ आँखा वा टाउको खुवाई अरूहरूलाई अरू अङ्ग प्रत्यङ्गहरू दिई सम्मान गर्ने चलन नेपालीहरूको बीच एक लोकप्रिय संस्कार हो ।